लेखापरीक्षण प्रतिवेदन

बगनासकाली गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बगनासकाली गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/76

श्रीमान् अध्यक्षज्यू,

बगनासकाली गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय, पाल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/76

श्रीमान् अध्यक्षज्यू ,
बगनासकाली गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

पाल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस गाँउपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ गाँउपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब ३७ करोड ४८ लाख ९९ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड २८ लाख १२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१ लाख ५१ हजार प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रु.१ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख १७ प्रमाण कागजात पेश गर्नुपर्ने रु.९१ लाख ६ हजार र पेश्की बाँकी रु.४ लाख ५१ हजार बाँकी रहेको छ। गत वर्षसम्म रु.८ करोड २३ लाख ४२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.१८ लाख ६६ हजार बेरुजु सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ३१ लाख ३७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,

मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बगनासकाली गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बगनासकाली गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
३५	१२	१,२८,११,८०२	०	२	१,५१,३३९	०	३५	१०	१,२६,६०,४६३	१,८७,२२२	२९,१६,८४६	९१,०६,३९५	०	०	१,२०,२३,२४१	४,५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	८,२३,४२,८८१	-	१८,६५,७४८	८,०४,७७,१३३	-	१,२६,६०,४६३	९,३१,३७,५९६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३९	वीमाको म्याद -	७६,९०९
२	२०८१/८२	४१	कार्यसम्पादन जमानतको म्याद -	७४,४३०
३	२०८०/८१	५३	वडा कार्यालयको बृहत प्रोफाईल निर्माण वडा नं.४	७५,०००
४	२०८०/८१	६४	बढी भुक्तानी	२८,२५०
५	२०८०/८१	४७	नापी किताबभन्दा बढी भुक्तानी	३,२५,२७०
६	२०८०/८१	५.२	आन्तरिक लेखापरीक्षण	११,४०,२२८
७	२०७९/८०	४८	फिल्ड भत्ता रकम	२,९७,०००
जम्मा				२०,१७,०८७

बगनासकाली गाउँपालिका, पाल्पा

(८०५५०५०४३००)

बगनासकाली गाउँपालिका , पाल्पा

परिचय

१ **परिचय** -

(क) गाँउपालिका परिचय :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी ,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले बगनासकाली गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ८४.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा १८,४९७ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१३ देखि २०८२।५।१६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ३७ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -२ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४,८६,६८०।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

बिवरण	भौचर नं	रकम रु.
विषयगत समितिको दोहोरो भत्ता	६१६१२२८९३	६८,३३३
खानेपानी लिफ्टिङ्ग विद्युत महशुल अनुदान बढी भुक्तानी	६१६१२२९२२	३६,६६४
सामाजिक सुरक्षा	८६६८२९४४,८६६०८१०८,८६५०२९६७	५०,३५०
दीर्घरोगी बढी भुक्तानी	८६६१३४४२	६,५००
पाठ्यपुस्तक बढी निकासा	८६६८२३७२	१४,५८३
विभिन्न बैठक भत्ता	८६६८००२०,८६६८२६४१ र ६१६१२२१०९५	३,१०,२५०
जम्मा		४,८६,६८०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात	४,३३,०३,३८९.४०	४,३३,०३,३८९.४०	चालु खर्च	३३,७५,३८,४३८.६५	३३,७५,३८,४३८.६५
१.संचित कोष	२,०३,०५,९४१.३७		१ .पालिका तर्फ	११,६६,७७,७८६.५४	
२.धरौटी	१,१५,७१,४९७		२. संघीय सशर्त	२२,०१,८५,४०९.११	
३.विपद व्यवस्थापन कोष	१,००,०४,४६४.६६		३. संघीय विशेष	०	
४. विविध कोष खाता	९,९१,९२४		४. प्रदेश सशर्त	६,७५,२४३	
५. विविध खर्च खाता	४,२९,५६२.३०		५. प्रदेश विशेष		
६.आन्तरिक राजश्व खाता	०.०७				
यस वर्षको आय					
१.आन्तरिक आय	७८,१०,५८३.५९	७८,१०,५८३।५९	पुँजीगत खर्च	१७,१२,९९,८१४	१७,१२,९९,८१४
२. वित्तीय हस्तान्तरण (संघ)	४९,९३,९८,२९२.१७	४९,९३,९८,२९२।१७	१.पालिका तर्फ	७,३८,२५,३८६	
क) समानीकरण अनुदान	८,४७,८६,२४०		२. संघीय सशर्त	८,२३,२२,९१५.६	
ख) राजस्व बाँडफाँट	८,२४,३४,३०८.५७		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	३२,७१,७३,०५३.६०		४. संघीय समपुरक	५०,०४,६९०	
घ) समपुरक अनुदान	५०,०४,६९०		५. प्रदेश सशर्त	३२,६१,८७१	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	१९,९२,०३८.५९	
च) रोयल्टी			७. प्रदेश समपुरक	४८,८६,६७२.४१	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)	१३,५६,२६,५७४.४०	१३,५६,२६,५७४.४०
३. वित्तीय हस्तान्तरण (प्रदेश)	२,३०,६२,७९१.६३	२,३०,६२,७९१.६३	क) सामाजिक सुरक्षा	१२,७२,७०,४७३.४०	
क) समानीकरण अनुदान	६१,४९,०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७४,५६,१०१	
ख) राजस्व बाँडफाँट	६०,९७,९६६.६३		ग) प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	९,००,०००	
ग) सशर्त अनुदान	३९,३७,११४		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	४८,८६,६७२.४१		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	१९,९२,०३८.५९		ऋणको ब्याज		

			भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	५१,०२,६७१	५१,०२,६७१
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	१,१७,०६,१४८.६२	१,१७,०६,१४८.६२
४. अन्तर सरकारी अख्तियारी (संघ)	१३,५६,२६,५७४.४०	१३,५६,२६,५७४.४०	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	१२,७२,७०,४७३.४०		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७४,५६,१०१		अन्य सहयोगमा सञ्चालित योजना		
ग)प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	९,००,०००		अन्य खर्च भएमा		
५.स्थानीय राजश्व बाँडफाँड	२६,५१,५२७.८०	२६,५१,५२७.८०	अनुदान फिर्ता	२,४६,५८,४८८.४९	२,४६,५८,४८८.४९
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			१. संघ तर्फ		
६. ऋण/ वित्तीय व्यवस्था			क) सशर्त अनुदान	२,४६,५८,४८८.४९	
७. धरौटी आय	८१,०८,५३५.२४	८१,०८,५३५.२४	ख) विशेष अनुदान	०	
८. कार्यसञ्चालन कोष आय	९६,५८,०८२	९६,५८,०८२	ग) समपुरक अनुदान	०	
९. अन्य कोषको आय	२६,५१,१०७.६२	२६,५१,१०७।६२	२. प्रदेश तर्फ		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			क) सशर्त अनुदान	०	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			ख) विशेष अनुदान	०	
१२. अन्य आय भएमा			ग) समपुरक अनुदान	०	
			अन्तिम मौज्दात	४,६३,३८,७४८.६९	४,६३,३८,७४८.६९
			१. संचित कोषको मौज्दात	१,९७,३२,३९५.४९	
			२. धरौटी	१,४५,७७,३६१.२४	
			३. विपद् व्यवस्थापन कोष	७३,६४,६९१.६६	

			४. विविध कोष खाता	१९,७७,५९२	
			5.विविध खर्च खाता	२६,८६,७०८.३०	
			5.विभाज्य कोष खाता	०	
जम्मा	७३,२२,७०,८८३.८५	७३,२२,७०,८८३.८५	जम्मा	७३,२२,७०,८८३.८५	७३,२२,७०,८८३.८५

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता** -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,७२,७०,४७३.४०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७४,५६,१०१।- र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ९,००,०००।- समेत गरी रु. १३,५६,२६,५७४.४० एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।९ मा रु. ५६ करोड ९९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२६ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **त्रैमासिक खर्च**-

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूजिगत खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ३८.०१ प्रतिशत, तेस्रो त्रैमासिकमा १६.०८ प्रतिशत तथा चौथो त्रैमासिकमा ४५.९१ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २१.३८ प्रतिशत खर्च गरेको छ ।

(रकम रु हजारमा)

बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजीगत खर्चतर्फ	१७१२९९	३४०९०	३१०१४	२७५४८	७८६४७	३६६२०
खर्च प्रतिशत	१००	१९.९०	१८.११	१६.०८	४५.९१	२१.३८

यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

६ **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था

छ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	२६	२	२	२२
२.	वडा स्तरीय	२९४	६	१६	२७२

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१८ योजना कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिकाको आधारमा बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु. ४५ लाख ५९ हजार खर्च गरेको छ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १७ करोड १२ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख निर्देशिका बमोजिम तयार गरेको छैन।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• उपभोक्ता समितिलाई निर्माण सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरेको छैन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ३४ लाख ९३ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनुपर्दछ।

८ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २,१२,९८७।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९ **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उपदफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ २५ कर्मचारी र स्वास्थ्य तर्फका ४९ जना गरी ७४ कर्मचारीको रु. ५,०८,३२,०००।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड

भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१० **दरबन्दी भन्दा बढी कर्मचारीको खर्च** –

गाउँपालिकाले कर्मचारी पदस्थापना गर्दा स्वीकृत दरबन्दी बमोजिम पदस्थापना गरी कार्य लगाउनुपर्दछ। स्वास्थ्य तर्फ स्थायी स्वीकृत दरबन्दी ४७ रहेकोमा गाउँपालिकाले स्वयं संगठन तथा व्यवस्थापन (O & M) गरी १७ दरबन्दी सिर्जना गरेको छ।स्थायी स्वीकृत दरबन्दी भन्दा बढी १७ दरबन्दीमा स्वास्थ्य सेवा तर्फ करारमा कर्मचारी राखी रु. ३०,६४,७५०।- खर्च गरेको छ। स्वास्थ्य संस्थाबाट सेवा लिन आउने सेवाग्राही तुलनात्मक रुपमा कम रहेको, चौबिसै घण्टा संचालन गर्ने वर्थिङ सेन्टरको केस अनुसार वर्थिङ सेन्टर समायोजन गर्नुपर्ने अवस्था रहेको छ। गाउँपालिकाले सेवा प्रवाहको अवस्था,सेवाग्राहीको अवस्था लगायतको विषयको विश्लेषण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

११ **वित्तीय समानीकरणबाट चालु खर्च** –

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष वडा कार्यालय व्यवस्थापन,त्रिपाल खरिद,स्वास्थ्य चौकी व्यवस्थापन,अवलोकन भ्रमण,विद्यालय शैक्षिक सामाग्री खरिद लगायतका विभिन्न चालु तर्फका खर्च शिर्षकमा रु १,१०,५५,०००।– बजेट विनियोजन गरी रु. ९२,२८,०००।– खर्च गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट तयार गर्नुपर्दछ।

१२ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष निश्चित विधी र मापदण्ड वेगर विभिन्न संघसंस्था र व्यक्तिहरुलाई मुटुरोगी, विपन्न नागरिक,मृत्युसंकार,खेलकुद प्रतियोगिताको लागि सहायता, खानेपानी लिफ्टिङ ट्रान्सफर्मर जडान,संस्थाका वार्षिक उत्सव तथा कार्यक्रम लगायतका लागि गाउँकार्यपालिकाको निर्णय बमोजिम रु. १०,७२,०००।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१३ **कार्यक्रम कार्यान्वयन** -

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।३ नं वडा कार्यालय भवन निर्माण र स्वास्थ्य चौकी पानीटंकी निर्माण तथा पहुँच मार्ग मर्मत योजना वडा नं ६ लगायतका योजनाहरुमा बजेट विनियोजन भए तापनि कार्यान्वयन भएको छैन।कार्यान्वियन गर्न सकिने योजना मात्र बजेटमा समावेश गरी कार्यान्वियन गर्नुपर्दछ।

१४ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु. ५,००,०००।- विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन।नियमावलीले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ। भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकास कोषको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

१५ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका १६ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट १५ वटा मात्र सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार भएको भन्ने पालिकाको भनाई रहेको छ। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा सम्पूर्ण सहकारी संस्थाहरुको विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **जिन्सी व्यवस्थापन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ , ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले विगत देखिनै समायोजन भई आएका साविकका गा. वि. स, स्वास्थ्य चौकी र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी एकमुष्ठ लगत तयार गरेको छैन। यसबाट पालिकाको विगत देखिको समग्र जिन्सी सामानको अवस्था देख्न सकिएन। विगतका मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयन गर्नुपर्दछ।

त्यसैगरी पालिकाले पाम्स V2 लागु गरेपछि खर्च भएर जाने पाइप १३७५० संख्या,जि आइ तारजाली २६० संख्या, डाइनमिक रोप २०० रोल लगायतका ४९ आइटमका १९५९२ परिमाण रु. ४३,१७,४२०।– मूल्य बराबरको जिन्सी मौज्दातको विवरण अद्यावधिक गरेको छैन।सबै सम्पत्ति पाम्समा अद्यावधिक हुनुपर्दछ।

१७ **परामर्श सेवाको कार्य –**

गाउँपालिकाले सेवा परामर्शबाट रु. ३०,००,०००।- खर्च गरेको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

१७.१ खर्चको उपयोगिता – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७ मा सार्वजनिक निकायले खरिद कार्य सम्बन्धि ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट कार्य गराउनु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिदको कारबाही गर्दा खरिदको आवश्यकता र उपयोगिता पहिचान गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले पालिकाको मध्यकालिन खर्च संरचना(MTEF) भिडियो डकुमेन्ट्री र Wash Plan मा रु. १२,८७,८२९।- खर्च गरेको छ। सेवा परामर्शबाट सेवा लिन सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम सो सम्बन्धि सूचिकृत भएका फर्मबाट सेवा लिनुपर्नेमा सो सेवा लिएका फर्म सूचिकृत भएको छैन। मध्यकालिन खर्च संरचना तथा Wash Plan को प्रतिवेदन बजेट पेश भईसकेपछि प्राप्त भएको कारण सो प्रतिवेदनको उपयोगिता देखिएन। त्यसैगरी विभिन्न योजना,धार्मिक स्थल तथा विविध गतिविधिहरुको भिडियो डकुमेन्ट्री वापत रु. ४,४१,८३०।- खर्च गरेको छ। सो भिडियो डकुमेन्ट्रीको आवश्यकता र उपयोगिता पहिचान गरेको छैन। गाउँपालिकाको आवश्यकता पहिचान गरी उपयोग हुने किसिमले नियमानुसार सेवा प्राप्त गर्ने हिसाबमा कार्य गराउनुपर्दछ।

भौ. न. / मिति	**कार्य**	**खर्च रकम रु.**	**प्रतिवेदन दिएको**
८५७।०८२-३-२०	मध्यकालिन खर्च संरचना	४,४९,९९९।-	२०८२-३-१३
८६१।०८२-३-२०	वास कार्ययोजना अद्यावधिक	४,९६,०००।-	२०८२-३-२०
८६४।०८२-३-२०	भिडियो डकुमेन्ट्रि	४,४१,८३०।-	२०८२-३-१९
		१२,८७,८२९।-	

१७.२ भू -वर्गिकरण योजना – ९४५।०८२-३-२५ गाउँपालिकाले सोसियो इकोनोमिक एण्ड इन्भाइरोमेन्टल डेभलपमेन्ट प्रा. लि. सँग रु. ९,३७,९००।- बराबरको भू-वर्गिकरण योजना (Land Use Plan) बनाएको छ। पालिकाको नीति तथा कार्यक्रममा भू-उपयोग योजना साथ कानून तयारी गरी कार्यान्वयन गरिने उल्लेख भएकोमा सो कार्यान्वयन गर्ने कानून तर्जुमा भएको छैन।सार्वजनिक खरिद सम्झौतामा

भुक्तानी प्रकृयामा अन्तिम प्रतिवेदन दिएपछि सबै रकम भुक्तानी गर्ने उल्लेख गरे बमोजिम भुक्तानी भएको छ। सम्झौतामा Draft प्रतिवेदन प्राप्त भएपछि सोको परीक्षण गरी अन्तिम प्रतिवेदन लिने गरी सम्झौता भएको छैन।परामर्शदाताले Draft प्रतिवेदन नदिई एकैचोटी अन्तिम प्रतिवेदन दिएको र सो प्रतिवेदन पालिकाको TOR वमोजिम भए नभएको कारण सो कार्यान्वियनको सुनिश्चितता हुनुपर्दछ।

१८ **विद्युत महशुल अनुदान** –

पालिकाले वार्षिक बजेटमा समावेश गरी पालिका भित्र रहेका विभिन्न खानेपानी लिफ्टिङ्ग उपभोक्ता समितिहरुलाई विद्युत महशुलमा ६० प्रतिशत अनुदानमा रु. २५ लाख बजेट विनियोजन गरी रु. २३ लाख ८५ हजार खर्च गरेको छ। उक्त समितिहरुले लाभग्राहीसँग खानेपानीको महशुल समेत लिने गरेकोमा समितिले लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने र पालिकाले दिएको अनुदानबाट नागरिकले प्राप्त गरेको सुविधाको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१९ **खर्चको मितव्ययिता** -

गाउँपालिकाले विभिन्न पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन स्वरुप रु. २०,००,०००।- बजेट विनियोजन गरी रु. १६,१०,५३३।- खर्च गरेको छ। पालिकाभित्र रहेका विभिन्न मिडियाहरुको क्षमता विकास तालिम संचालन तथा अन्य मिडिया प्रवर्द्धनात्मक कार्य भएको अवस्थामा पालिकाले विभिन्न मिडियालाई सूचना प्रकाशन,विज्ञापन लगायतको विषयमा खर्च गरेको छ। पालिकाभित्रका मिडियाहरूलाई संचालन गरिने कार्यक्रमको मितव्ययी हुने गरी क्षमता विकास तथा मिडिया प्रवर्द्धन जस्ता कार्यमा जोड दिनुपर्दछ।

भौ न मिति	कार्यक्रम	खर्च रु.
८१०।०८२-३-१८	विभिन्न मिडियाको अन्तरक्रिया कार्यक्रम लगायत,सूचना प्रकाशन/प्रशासण	६,२०,०००।-
८७५।०८२-३-२०	पत्रपत्रिका सूचना संचार विभिन्न ७ संचार माध्यम	१,१२,७७५।-
९१७।०८२-३-२३	पत्रपत्रिका छपाई तथा सूचना संचार प्रकाशन	३,१८,०५०।-

कार्यालयको विभिन्न सूचना तथा विज्ञापनहरुलाई पत्रपत्रिका मार्फत प्रकाशन,प्रसारण गरी बिजकको आधारमा खर्च लेख्ने गरेको छ। यस्तो सूचनाहरु प्रकाशन गर्दा कार्यालयबाट तयार गरिएको विषयवस्तुको प्रकाशन वा प्रशारण गर्ने आदेश दिइ भुक्तानी समयमा सो अनुरुप भए नभएको यकिन गरी भुक्तानी गर्नुपर्दछ।

२० **बैठक भत्ता**-

प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को नियम ४ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बस्ने बैठकमा भत्ता प्रदान गर्न पाइने छैन कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विषयगत समिति बैठक भत्ता, स्थानीय तह स्वमूल्यांकन,आर्थिक विकास मूल्यांकन,फ्रयाप,लैङ्गिक उत्तरदायित्व बजेट, बेरुजू लगत संकलन,अद्यावधिक,फछ्र्यौट उत्प्रेरणा तथा अनुभव आदान प्रदान, आदिवासी जनजाती कार्यक्रमको बैठक व्यवस्थापन/बैठक भत्ता, दलित समन्वय समिति बैठक व्यवस्थापन लगायत विभिन्न नाउँमा बजेट पेश गदकै समयमा बैठक भत्ता स्वरुप खर्च लेख्ने गरी रु. २१,००,०००।- बजेट विनियोजन गरेको छ। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ बमोजिम उत्पादनमूलक तथा रोजगारी सिर्जना गर्ने प्रकृतिका योजनामा प्राथमिकताका साथ बजेट विनियोजन गर्नुपर्नेमा वितरणमुखी तथा प्रतिफलमा ध्यान नदिई बजेट विनियोजन गरेको छ। पालिकाले सो शिर्षकहरु तथा अन्य विषयगत शिर्षकहरुबाट समेत सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका विपरित पालिकाका कर्मचारी मात्र सहभागी बैठकमा रु. १३,६०,०००।- खर्च गरेको छ। कामको प्रकृति अनुसार जटिल प्रकृतिको कार्य र वाह्य विज्ञ वोलाएको अवस्थामा बाहेक कार्यालयको दैनिक सम्पादन गर्ने विषयगत कार्यमा बैठक भत्ता खर्च लेख्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२१ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी

विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२२ **शैक्षिक सुधार तथा व्यवस्थापन** –

७१७।०८२-०८२-३-११,७६७।०८२-३-१५ गाउँपालिकाले विद्यालय समायोजन तथा एकिकरण कार्यक्रम र वडा नं ७ को शैक्षिक गुणस्तर सुधार कार्यक्रमको लागि १,८५,१८०।- खर्च गरेको छ। दुवै कार्यक्रम पालिकाको शिक्षा शाखाबाट सम्पादन हुन सक्ने अवस्था भएको र दुवै कार्यक्रममा बैठक बसी बैठक भत्ता प्रदान गर्ने बाहेक अन्य कार्य भएको देखिएन।शिक्षा शाखाबाट नियमित रुपमा गर्न सकिने कार्यमा समेत अतिरिक्त खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२३ **सेनेटरी प्याड** –

२१७।०८२-३-११ शिक्षा तथा मानव श्रो त विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यको लागि रु. ५,४७,०००।- बजेट व्यवस्था रहेकोमा पालिकाले रु. ५,३४,१५०।- खर्च गरेको छ।निर्देशिका बमोजिम कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरुको लागि वार्षिक १० महिनाको लागि तोकिएको मापदण्ड अनुसारको प्याड उपलब्ध गराउने व्यवस्था पालिकाले गर्नुपर्दछ।पालिकाले गत विगतको मौज्दातको समेत विचार गरी आवश्यक मात्रामा नियमानुसार खरिद गरी वितरण गर्नुपर्नेमा पालिकाले आ. व. को अन्तमा रु. ५,२२,१५०।- विभिन्न २१ वटा विद्यालयको खातामा रकम निकासा गरेको छ।निर्देशिका बमोजिम विद्यार्थी संख्याको आधारमा सेनेटरी प्याड समयमा नै नियमानुसार खरिद गरी सबै छात्राले प्राप्त गर्ने गरी व्यवस्थापन गर्नुपर्नेमा आ. व. को अन्तमा विद्यालयको खातामा रकम पठाउने कार्यबाट पालिकाले आफ्नो जिम्मेवारी पुरा नगरी रकम निकासा गरेको अनियमित खर्च रु.

अनियमित भएको	५,२२,१५०

२४ **कृषि तथा पशु अनुदान** -

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट कृषक र कृषक समुहलाई रु. ६९,५४,२७०।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

कृषि तर्फको अनुदान-

क्र.स.	कार्यक्रमको नाम र अनुदानको प्रकार	अनुदान क्षेत्र	कृषक/समूह/सहकारी	लाभान्वित जनसंख्या	अनुदान रकम
१. (संघीय सशर्त)	नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम (सिँचाईमाः ८५ प्रतिशत र कृषि उत्पादन सामग्रीहरुमाः ५० प्रतिशत)	सुन्तला खेती	समूहः १ (भयरस्थान कृषक समूह) सहकारीः १ (चण्डी देवी महिला जागृति बहुउद्देश्यीय सहकारी संस्था लि.)	७२	११,४९,९९१
२. (संघीय सशर्त)	मकै बाली प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	मकै मूल बीउ, कृषि यन्त्र र बीउ प्रशोधन सामग्री	समूहः ४ (शिखर, जलेश्वरी, प्रगति, पिपरडाँडा र कृषक समूह)	१०५	४,७५,००६
३. (प्रदेशको सशर्त)	सुन्तलाजात फलफूल प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	सुन्तला र कागती खेती	समूहः १ (जलेश्वरी कृषक समूह) सहकारीः १ (तिलोत्तमा कृषि सहकारी संस्था लि.)	५६	६,३७,२४४
४.	पकेट विकास कार्यक्रम (५० प्रतिशत अनुदान)	मौरी	१. जनकल्याण सहकारी संस्था लि २. जलेश्वरी कृषक समूह ३. घ्यूसिबास मिश्रित कृषक समूह	१६१	२,०६,६३०
		सुन्तला	१. श्री अन्नपूर्ण सामूदायिक विकास कृषि सहकारी संस्था लि.	१६	६०,१००
		अदुवा	१. दान्सिङ्गा कृषक समूह	२०	७२,३५०
		गहते	१. चाँपखोला मिश्रित कृषक समूह	२६	७०,०००
५.	मागमा आधारित बाँदर अनुकुलित कृषि कार्यक्रम (५० प्रतिशत अनुदान)	मौरीपालन	कृषकः १५	२५	३,६७,६७०
		तरकारी खेती	कृषकः ३		
		अदुवा खेती	कृषकः ३		
		कागती खेती	कृषकः ३		
		बेसार खेती	कृषकः १		
६.	कृषि यान्त्रिकरण कार्यक्रम (५० प्रतिशत अनुदान)	कुटानी पिसानी मिल	कृषकः ३४ वटा समूहः १ वटा सहकारीः १ वटा	१२०	१४,८२,१५०
		मिनीटिलर	कृषकः १४ वटा समूहः २ वटा		
		डिजिटल तराजु	कृषकः १		
		मकै रोप्ने मेसिन	कृषकः १		
७.	रैथाने बाली प्रवर्द्धन कार्यक्रम (शत प्रतिशत अनुदान)	कोदो बीउ	समूहः १ सहकारीः २	८०	२१,०००
८.	फलफूल बिरुवा प्रवर्द्धन कार्यक्रम (६० प्रतिशत अनुदान)	फलफूल बिरुवा	कृषकः ३३ समूहः ४ सहकारीः २	१७२	१,८७,६१०

९.	जैविक मल वितरण कार्यक्रम (५० प्रतिशत अनुदान)	जैविक मल	कृषकः३५ समूहः ९ सहकारीः २	२२०	४,९९,८७५
जम्मा					५२,२९,६२६

पशुतर्फको अनुदान-

क्र.सं.	अनुदानको प्रकार	कृषक/समुह/ सहकारी	लाभान्वित जनसंख्या	रकम
१	कुखुराको खोर मर्मत सुधार ५०%अनुदानमा	२ जना कृषक	२	४०,०००
२	बाख्राको खोर मर्मत सुधार ५०% अनुदानमा ।	५ जना कृषक	5	१,००,०००
३	बंगुर खोर मर्मत सुधार ५०% अनुदानमा ।	२ जना कृषक	२	४०,०००
४	भैसीको भकारो सुधार ५०% अनुदानमा ।	४ जना कृषक	४	८०,०००
५	कुखुराको चल्ला खरिद ५०%अनुदानमा	४ जना कृषक	४	४०,०००
६	बंगुरको पाठापाठी खरिद ५०%अनुदानमा ।	३ जना कृषक	३	४५,०००
७	प्रजनन योग्य बोका खरिद ५०%	८ जना कृषक	८	१,२०,०००
८	प्रजनन योग्य बाख्राका पाठी खरिद वितरण १००% (६,७,३)	४३ जना कृषक	४३	४,२५,०००
९	उत्पादनमा आधारीत दुध ढुवानी प्रोत्सहान अनुदान रु.५/लि.	१०१ जना कृषक	१०१	८,३४,६४४
	जम्मा रु.			१७,२४,६४४

२५ **सुन्तला जात फलफूल प्रवर्द्धनात्मक कार्यक्रम** –

२।०८२-३-१९ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु) अन्तर्गत सुन्तला जात फलफूल प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत पालिकाले वडा नं ३ को जलेश्वरी कृषक समूह र वडा नं २ को तिलोत्तमा कृषि सहकारी संस्थासँग ५०।५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम गरी पालिका तर्फबाट रु. ६,७५,२४३।- भुक्तानी गरेको छ। दुवै संस्थाबाट सुन्तला र कागतीको बिरुवा खरिद गरी वितरण गरेको छ। वडा नं ३ मा जलेश्वरी कृषक समूह मार्फत १२०५ सुन्तला तथा कागतीको विरुवा र वडा नं २ मा तिलोत्तमा कृषि सहकारी संस्थामार्फत १८३० कागतीको विरुवाको लागि त्यती नै संख्यामा खाडल खनेको र प्रति खाडल रु. २००।- को दरले किसानलाई भुक्तानी भएको छ। कार्यक्रम कार्यान्वियन निर्देशिका बमोजिम ४।५ महिना अगावै मल सहितको खाडल तयार गरी तोकिएको महिना/समयमा विरुवा रोपण गर्नुपर्नेमा सबैजसो खाडल आ व को अन्तमा खनी विरुवा रोपण भएको कारण विरुवा नोक्सानी हुने दर बढ्न सक्छ।दुवै संस्थाले गरी ३०३५ खाडल खन्ने र पुर्ने कार्यको लागि रु. ६,०७,०००।- (समुहको समेत) को कृषकको सादा भर्पाई बनाएको छ।कार्यालयले स्वीकृत कार्यक्रममा निर्देशिका र नर्म्सको आधारमा खाडल खन्ने पुर्ने कार्य तथा मल खरिद गरिएको किसानहरुको बैंक खातामा सोझै रकम जम्मा हुने व्यवस्था गर्नुपर्ने देखिन्छ।साथै सुन्तला र कागतिका विरुवा रोपणको कार्यसम्पन्न पश्चात हालको अवस्थाबारे पालिकाको अनुगमन गर्नुपर्ने तथा गत विगत वर्षमा भएको कार्यक्रमको कार्य प्रगतिको आधारमा प्रवर्द्धनात्मक तथा क्षेत्र विस्तार कार्यक्रम गर्नुपर्दछ।

२६ **सुन्तला जात पकेट विकास कार्यक्रम** –

२७५।०८२-३-२३ संघीय सरकारबाट हस्तान्तरित (चालु) कार्यक्रम तर्फ सुन्तला जात पकेट विकास कार्यक्रममा रु. १२,००,०००।- बजेट व्यवस्था रहेकोमा रु. ११,९८,७९०।- खर्च भएको छ।वडा नं ६ भयरस्थान कृषक समूह र वडा नं ७ को चण्डी देवी महिला जागृति बहुउद्वेश्यीय सहकारी संस्था सँग ५०/५० प्रतिशत लागत साझेदारीमा सुन्तलाको विरुवा खरिद गरी रोपण कार्य गरेको छ। वडा नं ६ मा १६८२ विरुवा रोपणको लागि र वडा नं ७ मा १३२५ विरुवा रोपणको लागि कृषक मार्फत खाडल खन्ने तथा पुर्ने कार्य स्वरुप प्रति खाडल रु. २००।- को दरले रु. ६,०१,४००।- कृषकको सादा भर्पाई पेश भएको छ।कार्यक्रम कार्यान्वियन निर्देशिका बमोजिम

दोश्रो चौमासिकमा मल सहितको खाडल तयार गरी तोकिएको समयमा विरुवा रोपण गर्नुपर्नेमा सबै कार्य आ. व. को अन्तमा भएको छ। साथै पालिकाले कृषक समूह मार्फत भएको कार्यमा मल खरिद गरेको किसान र विरुवा रोपण गर्ने किसानले खाडल खन्ने तथा पुर्ने कार्यको रकम कृषकको बैंक खातामा जम्मा हुने व्यवस्था गरी सम्बन्धित किसानले रकम प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ। विरुवा रोपण पश्चात विरुवाको हालको अवस्था बारे अनुगमन गर्नुपर्ने देखिन्छ।

२७ **औषधी खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त र पालिकातर्फको बजेटबाट औषधि र उपकरण खरिद गरी रानीमहल मेडिको सप्लायर्स प्रा. लि. लाई रु. १६,८८,७५६।- भुक्तानी दिएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९९.९ दिनले ६४५७ दिन रोजगारी उपलब्ध गराई रु. ४३,१३,५४७।- श्रमिक ज्याला खर्च गरेको छ। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२९ **आन्तरिक आय** –

गाउँपालिकाको विवरण बमोजिम यस वर्षको आन्तरिक आय रु. १,०४,६१,६९१.२८ रहेको छ। सो मध्ये नदीजन्य पदार्थतर्फ रु. ३८,८२,६८२.४० आय रहेको छ। सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छः-

२९.१ आय ठेक्का– गाउँपालिकाको आई.ई.ई प्रतिवेदन बमोजिम विभिन्न ६ वटा घाटहरुमध्ये मद्रानघाट र टिपुवाघाटको मात्र ठेक्का लागेको छ। पालिकाको मिति २०८१-८-२४ गतेको सूचनाबाट २ घाटको ठेक्का लागि रु. १०,५६,०००।- (भ्याट बाहेक) नदीजन्य पदार्थको आय रहेको छ।अन्य ४ घाटमा ठेक्का नलागेको कारण पालिकाले अमानतबाट उठाएको छ। अमानतबाट नदीजन्य पदार्थ संकलनको लागि वडा नं १, २ र ७ मा गैरसरकारी व्यक्ति सँग करार सम्झौता गरी कार्य गराएको र सो वापत संकलन भएको रकमको १० प्रतिशत राजश्ववाट नै रु. १,१७,४६७।- प्रोत्साहन स्वरुप खर्च लेखेको नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	१,१७,४६७

२९.२ घाटगद्धी नगरेको – गाउँपालिकाबाट नदीजन्य पदार्थको आय ठेक्का लागेकोमा आपूर्तिकर्ताले संकलन गरेको नदीजन्य पदार्थको घाटगद्धीको लागि ठाउँ तोकिएको छैन। संकलित पदार्थ घाटगद्धी नगर्दा आपूर्तिकर्ताले के कति परिमाणमा नदीजन्य पदार्थ संकलन गरेको छ सो को यकिन हुन सक्ने अवस्था छैन। पालिकाले अन्य घाटहरुको समेत ठेक्का लगाउने प्रयास गर्नुपर्ने र ठेक्का लागेको अवस्थामा घाटगद्धी गर्ने ठाउँ तोकि संकलित पदार्थको नापजाँच गरी निकासीको व्यवस्था गर्नुपर्दछ।

३० **आन्तरिक आयको तुलना** –

गाउँपालिकाको आन्तरिक आय तर्फ यस वर्ष रु. १,०४,६१,६९१।- प्राप्त भएको छ।आर्थिक वर्ष ०८०।८१ को तुलनामा यस वर्ष आन्तरिक आय घटेको छ। नदीजन्य पदार्थको आय गत वर्ष रु. ३३,८०,०१८।- रहेकोमा यस वर्ष रु. २६,५१,१०७।- प्राप्त भएको छ।

नदीजन्य पदार्थको आय बाहेक अन्य आय तर्फ गत वर्ष रु. ९१९५५११। प्राप्त भएकोमा यस वर्ष रु. ७८,१०,५८३।- प्राप्त भएको छ। गत वर्षको तुलनामा नदीजन्य पदार्थको आयमा २१.५ प्रतिशत र समग्र आन्तरिक आयको तुलनामा १६.८ प्रतिशतले कमी आएको छ। गत वर्ष भन्दा यसवर्ष आन्तरिक आय कम भएकोले राजस्व वृद्धि गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

३१ **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु. १७,७४,२१,०६५।- खर्च गरेकोमा रु. ११,२०,६९,८७०।- अर्थात् ६३.१६ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ३२,६१,८७१।-, सोझै रु. २,१०,०८,५७९।- र उपभोक्ता समितिबाट रु. ४,१०,८०,७४५।- को खरिद गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३२ **चिलाङ्दी बगनास नायर खानीछाप राम्दी मोटरबाटो** -

३२.१ सार्वजनिक खरिद ऐन, २०६४ बमोजिम खरिद कार्य मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मूल ठेक्काबाट बचत भएको रु. ९,९९,८७८ को कार्य दरभाउपत्रबाट सोझै खरिद गरेको देखिन्छ । पालिकाले बचत रकममा सोही चेनेजमा कार्य गराउँदा ठेक्काबाट कायम भएको दरका आधारमा लागत अनुमान तयार गरी दरभाउपत्रबाट कार्य गराउनुपर्नेमा सो गरेको पाईएन् । सो नगर्दा निर्माण व्यवसायी याङ्चेन कन्स्ट्रक्सनले पेश गरेको दरभाउपत्रमा ठेक्कामा कायम भएको दरभन्दा बढी हुन गई व्ययभार पार्ने गरी लागत अनुमान तयार गरेको नियमसम्मत नदेखिएको रु.

मूल ठेक्का		**दरभाउपत्र**			
विवरण	दर	दर	फरक दर	परिमाण	बढी व्ययभार
ढुंगा सोलिङ	२५००	४४७२	१९७२	२१.२९	४१९८४
पिसिसिको कार्य	१३०००	१३६५७	६५७	२६.२४	१७२४०
डण्डीको कार्य	११२०००	१३१८८२	१९८८२	०.५८	११५३२
जम्मा					**७०,७५६**

अनियमित भएको	७०,७५६

३२.२ खरिद प्रतिस्पर्धा सिमित हुने गरी लागत अनुमान तयार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसुची १ बमोजिम निर्माण कार्यको लागत अनुमान स्वीकृत र खरिद विधी छनौटका गर्ने प्रयोजनका लागि जम्मा लागतमा मूल्य अभिवृद्धिकर र कन्टिन्जेन्सीहरु जोडी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । चिलाङ्दी बगनास नायर खानीछाप राम्दी मोटरबाटोको ठेक्काबाट बचत भएको रकमको लागत अनुमान तयार गर्दा विभिन्न आईटमको जोड रु. ८८४८४८ मा मूल्य अभिवृद्धिकर र कन्टिन्जेन्सी जोड्दा रु. १०,३५,२७२ लागत अनुमान हुनेमा कन्टिन्जेन्सी नजोडी रु. ९,९९,८७८ को लागत अनुमान तयार गरी सोझै खरिद गरेकोले नियमावलीको नियम ८५ विपरित सिमाभन्दा बढीको सोझै खरिद गरिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,९९,८७८

३३ **बचत रकमबाट थप कार्य** -

सार्वजनिक खरिद ऐन, २०६४ बमोजिम खरिद कार्य मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालय-चिउरीगौडा ठूलो चौपारी-नौबिसे मोटरबाटोको मूल ठेक्काबाट बचत भएको रु. ७,९७,३१७ को कार्य दरभाउपत्रबाट सोझै गरेको देखिन्छ । पालिकाले बचत रकममा सोही चेनेजमा कार्य गराउँदा ठेक्काबाट कायम भएको दरका आधारमा लागत अनुमान तयार गरी दरभाउपत्रबाट कार्य गराउनुपर्नेमा सो गरेको पाईएन् । निर्माण व्यवसायी नव कमल निर्माण सेवाले मूल ठेक्काको साथै बचतबाट गराएको

कार्य समेत गरेकोमा मूल ठेक्कामा भन्दा दरभाउपत्रबाट गरेको कार्यमा तपसिलबमोजिम बढी व्ययभार पार्ने गरी लागत अनुमान तयार गरेको नियमसम्मत नदेखिएको रु.

मूल ठेक्का		**दरभाउपत्र**			
विवरण	दर	दर	फरक दर	परिमाण	बढी व्ययभार
ढुंगा सोलिङ्गको कार्य	२०००	५०००	३०००	३१.६७	९५०१०
पिसिसि	११०००	१३५००	२५००	३०.७५	७६८७५
जम्मा					**१,७१,८८५**

अनियमित भएको	१,७१,८८५

३४ **खरिद प्रतिस्पर्धा** -

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नुपर्ने र प्याकेजिङ्ग गर्न मिल्ने खरिद प्रतिस्पर्धा हुने गरी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष तपसिल बमोजिम दरभाउपत्र लिई बाटो निर्माणको कार्य विभिन्न निर्माण व्यवसायीबाट गराएकोमा सोझै खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी र मितव्ययी हुने गरी व्यवस्था मिलाउनुपर्दछ । यस सम्बन्धि केही उदाहरणहरु देहायबमोजिम रहेका छन्:-

क्र.सं.	**कार्य**	**निर्माण व्यवसायी**	**लागत अनुमान**	**सम्झौता रकम**	**गो.भौ.नं. र मिति**	**भुक्तानी रकम**
१	शिखर भलुवा चौर मोटरबाटो स्तरोन्नति	भविष्य कन्स्ट्रक्सन निर्माण	९,९९,४६६	९,९६,६७३	१४४-०८१।१२।१२	९,९६,१५०
२	शिखर ठूलाघर घुम्ती मोटरबाटो स्तरोन्नति	पशुपति निर्माण सेवा	४९९७०९	४९५७०९	२३०-०८२।१।२१	४९४२८८
३	गोलबारी राना टोल मोटरबाटो स्तरोन्नति	रम्भादेवी कन्स्ट्रक्सन	३०२४९२	२९५७६४	३२४-०८२।३।१२	२९०२६४
४	कयेरा मोटरबाटो मर्मत	वेत्रागंगा ईन्जिनियरिङ्ग	४५११३८	४४८९०४	१६२-०८१।१२।२०	४४१४४२
५	बझादी चिउरी देखि बाटुलीचौर मोटरबाटो स्तरोन्नति	सन्त कन्स्ट्रक्सन	४०००००	३९७१९८	२२४-०८२।१।१६	३९६६६९
६	सुर्यमुखी सहकारीदेखि राम्चेफाँट मोटरबाटो स्तरोन्नती बगनासकाली	बालाभुयार कन्स्ट्रक्सन	७०००००	६९८२७२	३००-०८२।०३।२	६९४५०३
७	गोलबारी राना टोल मोटरबाटो स्तरोन्नति	रम्भादेवि कन्स्ट्रक्सन	३०२४९२	२९५७६४	३२४-०८२।३।१२	२९०२६४
जम्मा						**३६,०३,५८०**

३५ **सिमाभन्दा बढीको सोझै खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी उल्लेखित सिमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमको भौचरबाट कृषि यन्त्र खरिद गरेकोमा एउटै आपूर्तकबाट सिमाभन्दा बढीको सोझै खरिद गरेकोले नियमित नदेखिएको रु.

गो.भौ.न र मिति	आपूर्तकको नाम	खरिद विवरण	रकम रु.
३२९-०८२।३।१२	खनाल सप्लायर्स	कृषि यान्त्रिकरण मेशिन	३,१०,०००
३२३-०८२।०३।१२	खनाल सप्लायर्स	कृषि यान्त्रिकरण मेशिन	३,९०,०००
२५४-०८२।०३।१८	खनाल सप्लायर्स	कृषि यान्त्रिकरण मेशिन	२,५९,०००
८७९-०८२।०३।२२	खनाल सप्लायर्स	कृषि यान्त्रिकरण मेशिन	७५,७१०
जम्मा			**१०,३४,७१०**

अनियमित भएको	१०,३४,७१०

३६ **पन्ध्र शैया अस्पताल (१०-०७८।७९) -**

निर्माण व्यवसायी बुद्ध पशुपति जुगल जे.भी.सँग रु. १६,५३,३०,११९.८७ (मू.अ.कर समेत) मिति २०८०।०८।०२ मा सम्पन्न गर्ने गरी २०७९।०२।१३ मा अस्पताल भवन निर्माणको सम्झौता भएको छ। भुक्तानीमा समस्या तथा ड्रईङ र डिजाईनमा परिवर्तन भएको कारण देखाउदै ३ पटक म्याद थप गरी संशोधित सम्पन्न गर्नुपर्ने अवधि २०८३।०३।३० पुगेको देखिन्छ । हालसम्म चौथो रनिङ्ग बिलसम्म रु.१२,७५,६२,३२८.८१ भुक्तानी भएकोमा यस वर्ष दोस्रो, तेस्रो र चौथो रनिङ्ग बिलबाट क्रमश: रु.४,५५,००,९७४.८१, ३,२३,२०,०८८.३३ र २,८४,२८,५४३.९१ भुक्तानी भएको देखिन्छ । सो सम्बन्धमा परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

३६.१ **भेरियसन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरियसनको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले तेस्रो र चौथो रनिङ बिल भुक्तानी गर्दा भेरियसन आदेश र प्राविधिक पुष्ट्याई तथा कारण वेगर तपसिलबमोजिमका आईटमा सम्झौतामा भन्दा बढी कार्य भएको नापी गरी भुक्तानी दिएको छ । यस सम्बन्धमा डिपिआर र लागत अनुमान तयार तथा स्वीकृत गर्ने समेतलाई जवाफदेही बनाउने गरी प्राविधिक पुष्ट्याई मार्फत यकिन हुनुपर्दछ।

क्र.सं.	आईटम	लागत अनुमान बमोजिमको परिमाण	चौथो रनिङ्ग बिलको परिमाण	बढेको परिमाण	वृद्धि प्रतिशत	भुक्तानी भएको रकम
१	साईटको माटो खन्ने कार्य	१४८२.६४ घ.मी.	४००१.३३ घ.मी.	२५१८.६९	१७०	१६११९६२
२	स्टील वर्क्स (Reinforcement Work)	२१५.१५ टन	२४९.४९ टन	३४.३२ टन	१५.९५	३९०७६७५
जम्मा						५५,१९,६३७
मूल्य अभिवृद्धिकर						७,१७,५५२
कुल जम्मा						**६२,३७,१९०**

३६.२ **जडान र प्राविधिक परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएको मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनुपर्दछ । लेखापरीक्षण सिलसिलामा स्थलगत अवलोकन गर्दा पालिकाले निम्नलिखित आईटममा जडानको लागि उपयुक्त विद्युतीकरण सहितको पूर्वाधार नबनेको अवस्थामा भुक्तानी दिएको पाईयो । पालिकाले गो.भौ.नं. १६-२०८२।०३।२४ बाट भुक्तानी गर्दा विद्युत पूर्वाधारको व्यवस्था तथा जडान र परीक्षण नगरी निर्माण व्यवसायीले आपूर्ति गरी निर्माण शुरुवात गरेको आधारमा तपसिलको आईटमा भुक्तानी दिएको छ । उक्त निर्माण कार्य सम्पन्न गरी संचालन पूर्वाधार सहितको कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश हुनुपर्ने रु.

कामको विवरण	BoQ परिमाण	भूक्तानी भएको परिमाण	रकम
Supplying and laying floor tiles all complete	९८५.७७	५९०.९६ Sqm	२१८६५५३
Supplying and installing 20 passenger cum bed lift all complete	१	१	५२३२४००
Shower	२०	१०	२०००००
जम्मा			**७६१८९५३**
मूल्य अभिवृद्धिकर			**९९०४६४**
कुल जम्मा			**८६०९४१७**

प्रमाण पेश नगरेको	८६,०९,४१७

३७ **हर्जाना असूल गर्नुपर्ने –**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा आपूर्तिकर्ताले सम्झौतामा तोकिएको म्यादमा कार्यसम्पन्न गर्न नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जाना) दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले प्रशासकिय भवनको लागि Supply and Instalation of aluminium partition and Furniture कार्यको लागि रु. ३५,०४,५२७।– (भ्याट बाहेक) मा कार्यसम्पन्न गर्ने गरी दिब्य दृष्टि विल्डर्स प्रा. लि. सँग मिति २०८१-४-२७ मा सम्झौता गरेको छ। सम्झौता अवधि २०८१-६-१५ सम्म रहेको सो ठेक्कामा आपूर्तिकर्ताले ठेक्का अवधि भित्र कार्यसम्पन्न नगरी १३९ दिन ढिला कार्यसम्पन्न गरेको छ। सो कार्यमा म्याद थप नभएको र १३९ दिन ढिला सामान आपूर्ति गरेको कारण नियमानुसार सम्झौता अंकको ०.०५ प्रतिशतले प्रतिदिन रु. १,७५२।- ले १३९ दिनको रु. २,४३,५२८।- हर्जाना लाग्नेमा पालिकाले रु. ५६,३०६।- मात्र हर्जाना लगाएकोले नपुग हर्जाना रु. १,८७,२२२।- असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,८७,२२२

३८ **म्याद थप -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताकोम्याद थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ।पालिकाले तपसिल बमोजिमको खरिद सम्झौतामा नियमावलीले गरेको व्यवस्था बमोजिम कारण उल्लेख गरी म्याद थप गरेको छैन। यसरी काबु वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

क्र.सं.	ठेक्का नं.	सम्झौता मिति	शुरु सम्पन्न मिति	म्याद थप	म्याद थप पछि सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको प्रगति प्रतिशत
१	०६-०८१।८२ (दरुगां चुरीसम्मको सडक स्तरोन्नति)	२०८१। ०९।१४	२०८२। ०१।३०	१ पटक ५ महिना	२०८२।०६।२५	९२.७८
२	१०-०८१।८२ (आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण)	२०८२। ०१।२५	२०८२। ०३।१०	१ पटक ३ महिना	२०८२।०६।२०	५६.४०
३	११-०८१।८२ (बराङ्गदी स्वास्थ्य चौकी भवन निर्माण	२०८२। ०२।१९	२०८२। ०३।२०	१ पटक ३ महिना	२०८२।०६।२०	६७.०१

३९ **वीमाको म्याद -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रु **७६,९०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० योजनामा बजेट निरन्तरता (छरछरे लिफ्ट खानेपानी योजना)-

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (१३) मा संघीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको अनुदान रकमको प्रस्ताव गर्दा चालू कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता, पुष्ट्याई र कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत कार्यान्वयनमा रहेको यस योजनामा आर्थिक वर्ष २०८१।०८२ मा रु. १९,९२,०३८.५९ खर्च भई ईन्टेक र हेड टयांकको कार्य भएको देखिन्छ । लिफ्टिङ्गको लागि महत्वपूर्ण पूर्वाधार ईलेक्ट्रिक कार्य तथा पम्प प्रविधिको कार्य नभएकोमा आर्थिक वर्ष २०८२।०८३ मा प्रदेशबाट उक्त अनुदान निरन्तरता नपाएको तथा पालिकाले समेत आफ्नो बजेटमा नसमेटेकोले योजना अधुरो भई उपयोग विहिन बन्न पुगेको देखिन्छ । तसर्थ बजेट निर्माण गर्दा अधुरा योजनालाई प्राथमिकता दिई तर्जुमा गर्नुपर्दछ ।

४१ कार्यसम्पादन जमानतको म्याद -

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **७४,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ साझा सुविधा केन्द्र (कोशेली घर) -

गरिबी निवारणका लघुउद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३३ बमोजिम साझा सुविधा केन्द्र स्थापना र संचालन गर्दा लक्षित समुहले साझा सुविधा केन्द्र माग गरेको निर्णय, समुहको खाता वा साझेदारी फर्म दर्ताको प्रमाणपत्र, लागत साझेदारी तथा संचालनको निर्धारित अवधी जस्ता विषयमा यकिन गरी यस्तो केन्द्र निर्माण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लिखित विषयमा प्रबन्ध नगरी यस वर्ष रु. ४,९६,९७८ को साझा सुविधा केन्द्र पालिका प्राङ्गणमा स्थापना गरी गो.भौ.नं १२-०८२।०३।२२ बाट वि.एण्ड वि कन्स्ट्रक्सनलाई भुक्तानी गरेकोमा सोको संचालनको मोडालिटी तथा उपयोग सम्बन्धमा टुंगो लगाई संचालन सुनिश्चितता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९६,९७८

४३ उपभोक्ता समिति दर्ता तथा योजना हस्तान्तरण -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २८७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.४,१०,८०,७४५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । साथै कार्यसम्पन्न भएका कुनै पनि कार्य उपभोक्ता समितिलाई हस्तान्तरण भएको समेत पाईएन् । ऐनको व्यवस्था बमोजिम सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्दछ ।

४४ पेश्की बाँकी-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले सिद्धार्थ राजमार्ग खोरबारी बौद्धगुम्बा सडक मर्मतका लागि अहतेशाम कन्स्ट्रक्सन प्रा. लि. लाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. ४,५०,०००।- बाँकी रहेको छ। उक्त म्याद नाघेको पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

पेश्की	४,५०,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बगनासकाली गाउँपालिका, पाल्पा , बगनासकाली गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Badri Nath Lamsal	२०८०-२-१	२०८१-४-१
कार्यालय प्रमुख	खेमराज छिनाल	२०८१-४-२	२०८२-०७-३०
लेखा प्रमुख	कोशल राज पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२६४,१३१	२,९१६,८४६	९,१८०,८२५	०	०	४५०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१२,८११,८०२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१५१,३३९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२,६६०,४६३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४३३०३३८९.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१६९६३९८३.६	चालु खर्च	३३७५३८४३८.६५
प्रदेश सरकारबाट अनुदान	१६९६४८२५	पूँजीगत खर्च	१७१२९९८१४
राजश्व बाँडफाँट	९११८३८०३	वित्तीय/अन्य व्यवस्था	१७७०९३८८२.५१
आन्तरिक आय	७८१०५८३.५९		
अन्य आय	१५६०४४२९९.२६		
कुल आय	६८८९६७४९४.४५	कुल खर्च	६८५९३२१३५.१६
बाँकी मौज्दात		४६३३८७४८.६९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
		जम्मा	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	८,२९,८१,५६४.४४	७,४६,८४,२१०.३५
१३०००	अनुदान	४०,९२,७०,३२०.११	३४,४१,१५,१२७.२०
१४०००	अन्य राजस्व	१,६०,१२,८२२.१५	१,९८,५९,४१२.९७
१५०००	विविध प्राप्ति	०	६४,१००.००
क	**कुल जम्मा प्राप्ति**	५०,८२,६४,७०६.७०	४३,८७,२२,८५०.५२
३	चालु	३३,७५,३८,४३८.६५	३३,५९,२९,६१३.५७
२१०००	पारिश्रमिक / सुविधा	७,०५,९९,७१९.७४	६,७४,८४,६५०.५७
२२०००	मालसामान तथा सेवाको उपयोग	२४,७०,५०,१४५.७७	२५,०३,५८,६२२.००
२५०००	सहायता (Subsidy)	९४,८५,८३६.१४	६१,३८,५००.००
२६०००	अनुदान	०	६,१०,४२०.००
२७०००	सामाजिक सुरक्षा	८४,८०,५२२.००	७०,८२,४६३.००
२८०००	अन्य खर्च	१९,२२,२१५.००	४२,५४,९५८.००
४	पूंजीगत	१७,१२,९९,८१४.००	१२,१३,५८,३७४.००
३१११०	भवन तथा संरचना	८,७०,२३,८४५.००	१,८५,६७,८६८.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७७,४४,६५२.००	४९,५२,५८२.००
३११३०	अन्य पूँजीगत खर्च	४,८५,९००.००	०
३११५०	सार्वजनिक निर्माण	७,५३,४१,३५२.००	९,७१,५०,३२०.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	७,०४,०६५.००	६,८७,६०४.००
ख)	**कुल जम्मा भुक्तानी**	५०,८८,३८,२५२.६५	४५,७२,८७,९८७.५७
ग)	**बचत /कमी (ग = क-ख)**	(५,७३,५४५.९५)	(१,८५,६५,१३७.०५)

घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	३६,०८,९०५.२४	५७,०१,००६.६४
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	३०,३५,३५९.२९	(१,२८,६४,१३०.४१)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	४,३३,०३,३८९.३३	५,६१,६७,५१९.८१
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**		
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	४,६३,३८,७४८.६२	४,३३,०३,३८९.४०

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मितव्ययी रुपमा प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

●स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

●बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

●पूर्व तयारीका कार्य सम्पन्न भएका प्राथमिकताप्राप्त आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

●कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।

●कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

●सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

●आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

●वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

●सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

●जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

●सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

●सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

●सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

●सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

●सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

●पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।